सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
मानन्नीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

**आदेश**

**मुद्दाः बैंकिङ कसूर ।**

| | |
|---|---|
| ज्ञानेन्द्र पुरकुटी-----------------------------१ | **निवेदक** प्रतिवादी |
| **विरुद्ध** | |
| नेपाल सरकार-----------------------------१ | **प्रत्यर्थी** वादी |
| संजयकुमार राई-----------------------------१ | **निवेदक** प्रतिवादी |
| **विरुद्ध** | |
| नेपाल सरकार-----------------------------१ | **प्रत्यर्थी** वादी |
| नेपाल सरकार-----------------------------१ | **निवेदक** वादी |
| **विरुद्ध** | |
| ज्ञानेन्द्र पुरकुटी समेत-----------------------------१ | **प्रत्यर्थी** प्रतिवादी |

**श्री उच्च अदालत विराटनगर,**

१. यसमा निवेदन र उच्च अदालत, विराटनगरबाट पेश भएको ०७४-RE-०१२५, ०७४-RE-०१२६ र ०७५-RE-०००६ समेतका कैफियत प्रतिवेदन पेश भै मिसिल कागजातहरु अध्ययन गरियो । छलफलका सन्दर्भमा निवेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री यदुनाथ शर्मा, निवेदक प्रतिवादी ज्ञानेन्द्र पुरकुटीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा र श्री बालकृष्ण न्यौपाने तथा विद्वान अधिवक्ताहरु श्री चुडामणि पोखरेल र श्री विनोद शर्मा, निवेदक प्रतिवादी संजयकुमार राईको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गोविन्द शर्मा बन्दी,

तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता डा. श्री नृसिंह कुमार खत्री तथा प्रतिवादी सुनिल वि.क. का तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री लक्ष्मण शर्मा न्यौपानेले गर्नु भएको बहस समेत सुनियो ।

२. यसमा ०७३-RE-०३०३, ०३०४, ०३२९, ०३३० र ०३३८ को ध्रुव थापा भन्ने रुद्रविक्रम थापा विरुद्ध नेपाल सरकार भएको बैंकिङ्ग कसूर मुद्दाको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७४/४/२७ मा आदेश हुँदा आरोपी प्रतिवादीबाट विगो नगदै जम्मा गर्न लगाउने र जरिवाना तथा कैदको हकमा प्रतिवादीबाट जेथा जमानी वा बैंक जमानत वा नगद धरौट माग गर्ने र माग गरेको जेथा जमानत वा बैंक जमानत वा नगद धरौट तिर्न बुझाउन नसकेमा मात्र प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा राख्न पठाउने भन्ने आदेश गरी उक्त आदेशको जानकारी सबै उच्च अदालत तथा नेपाल राष्ट्र बैंकलाई लेखी पठाउने भन्ने समेत आदेश भएको देखियो। उपरोक्त आदेश मुलुकी ऐन, अ.बं. ११८ को देहाय ५ र १० को रोहमा विचारणीय भई यसै अदालतको संयुक्त इजलासबाट निवेदक प्रतिवादी ध्रुव थापा भन्ने रुद्रविक्रम थापा विरुद्ध नेपाल सरकार भएको बैंकिङ्ग कसूर मुद्दाको (०७४-RE-००९०) को निवेदनमा भएको आदेशमा फरक प्रकृतिबाट आदेश भएको देखिएको हुँदा एकरुपताको लागि सर्वोच्च अदालत नियमावली, २०७३ को नियम २३(२)(ख) र (ग) बमोजिम प्रस्तुत निवेदन पूर्ण इजलासमा पेश गर्नु भन्ने संयुक्त इजलासबाट मिति २०७४/१२/२९ मा भएको आदेशानुसार प्रस्तुत निवेदन पूर्ण इजलाससमक्ष पेश हुन आएको देखियो।

३. यस अदालतको संयुक्त इजलासबाट मिति २०७४/०४/२७ मा भएको आदेशमा मूलतः देहाय अनुसारको व्यहोरा उल्लेख भएको देखियो:

*"(१) गैर कानूनी कार्य गर्ने व्यक्तिले हिनामिना वा दुरुपयोग गरेको पुष्टि भएको विगो बैंकको विश्वासनियता कायम गर्न कसूरजन्य कार्य गर्ने व्यक्तिबाट सम्बन्धित बैंक वा वितिय संस्थामा नगदै रकम जम्मा गराउन लगाउने,*

*(२) सम्बन्धित बैंक वा वितीय संस्थामा नगदै रकम जम्मा गरेको नगदी रसिदको सक्कल भौचर मिसिल सामेल गराउन लगाउने,*

*(३) मुद्दा फैसला हुँदा बैंक तथा वितिय संस्थाको हिनामिना वा दुरुपयोग भएको आरोप पुष्टी नभै सफाई पाउने ठहर भएको अवस्थामा अनुसन्धानमा जम्मा गरेको रकम ब्याज सहित फिर्ता दिने व्यवस्था मिलाउने,*

*(४) बैंकिङ कसूर अर्थात यस प्रकृतिका मुद्दामा जरिवाना वा कैद हुने हकमा प्रतिवादीबाट जेथा जमानत, बैंक जमानत वा नगद धरौट माग गर्ने र माग गरेको जेथा जमानत, बैंक जमानत वा नगद धरौट तिर्न बुझाउन नसकेमा मात्र प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाउने" ।*

४. उल्लेखित मिति २०७४/०४/२७ को आदेशमा "गैर कानूनी कार्य गर्ने व्यक्तिले हिनामिना वा दुरुपयोग गरेको पुष्टी भएको विगो बैंकको विश्वासनियता कायम गर्न कसूरजन्य कार्य गर्ने व्यक्तिबाट सम्बन्धित बैंक वा वित्तीय संस्थामा नगदै रकम जम्मा गराउन लगाउने" भनी उल्लेख भएको सन्दर्भमा हेर्दा मुद्दा पुर्पक्षका लागि थुनछेकको आदेश गर्ने अवस्थाको प्रारम्भिक सुनुवाईकै अवस्थामा *"बैंकको विश्वासनीयता कायम गर्न कसूरजन्य कार्य गर्ने व्यक्तिबाट विगो बमोजिमको रकम सम्बन्धित बैंकमा नगदै रकम जम्मा गराउन लगाउने"* भन्ने प्रावधान वैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ तथा मुलुकी ऐन, अ.व. ११८ नं. समेतका प्रचलित नेपाल कानूनमा कही कतै उल्लेख भएको पाईएन । आरोपित कसुर न्यायिक प्रकृयावाट ठहर नहुँदासम्म विगो भरिभराउ गर्ने गराउने कुरा फौजदारी न्यायको सिध्दान्त र हाम्रो न्याय प्रणालीमा अनुशरण गरी आएको न्यायिक मान्यता अनुकूल हुने पनि देखिदैन ।

५. यसका अतिरिक्त *"बैंकिङ कसूर अर्थात यस प्रकृतिका मुद्दामा जरिवाना वा कैद हुने हकमा प्रतिवादीबाट जेथा जमानत, बैंक जमानत वा नगद धरौट माग गर्ने र माग गरेको जेथा जमानत, बैंक जमानत वा नगद धरौट तिर्न बुझाउन नसकेमा मात्र प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाउने"* भनी गरिएको आदेशको परिणामस्वरुप नेपाल सरकार वादी भई चलेको तीन वर्ष वा सो भन्दा बढी अवधि कैद हुन सक्ने कसुरमा तत्काल प्राप्त प्रमाणवाट कसुरदार हो भनी विश्वास गर्न सकिने मनासिव अवस्था देखिएका अभियुक्तलाई मुद्दा पुर्पक्षका लागि थुनामा राख्नु पर्ने भनी मुलुकी ऐन, अ.वं. ११८ नं. को देहाय २ समेतका कानूनले गरेको प्रष्ट र किटानी व्यवस्था नै परास्त वा निष्प्रभावी हुने देखियो । वैंङ्कवाट भएको कारोवार सम्बन्धी कसुरलाई अ.बं. ११८(२) को परिधि भन्दा बाहिर राख्ने र अन्य कसुरलाई नराख्ने गरी छुट्याउने कुनै तार्किक आधार पनि देखिन आएन । विधायिकाले निर्माण गरेको कानून जे जस्तो अवस्थामा छ, त्यसलाई सोही रुपमा व्याख्या र प्रयोग गरिनु पर्दछ । वैंङ्कको विश्वसनीयता कायम गर्ने नाउँमा भएको कानूनको अप-व्याख्या गर्नु र स्थापित न्यायिक मान्यता प्रतिकूल हुने गरी अपवादहरु श्रृजना गर्दै जानु उचित र शोभनीय हुदैन ।

६. उल्लेखित मिति २०७४/०४/२७ को आदेशमा *"मुद्दा फैसला हुँदा बैंक तथा वितीय संस्थाको हिनामिना वा दुरुपयोग भएको आरोप पुष्टी नभै सफाई पाउने ठहर भएको अवस्थामा अनुसन्धानमा जम्मा गरेको रकम ब्याज सहित फिर्ता दिने व्यवस्था मिलाउने"* भनी निर्देशित गरेको समेत देखियो । यसरी उल्लेख गरिए बमोजिमको व्याज रकम कसले कुन शीर्षकवाट के आधारमा

भुक्तानी गर्ने हो भन्ने प्रश्न पनि सम्वेदनशील, विचारणीय र कानूनी रुपमा अनुत्तरित रहेको देखिन्छ । अदालतवाट जारी गरिएका आदेश वा निर्णय कानूनमा आधारित र कार्यान्वयन गर्न सकिने प्रकृतिको हुनु पर्दछ । मुद्दाको कारवाहीको सन्दर्भमा थुनछेक कै क्रममा विगो रकम दाखिल गराउने र पछि कसुर प्रमाणित नभएमा व्याज सहित फिर्ता दिने कुरा कुनै कानूनमा आधारित रहेको देखिदैन । कानूनी तथा तार्किक दृष्टीले विवादित प्रश्नको समग्र पक्षमा विचार गर्दा उल्लेखित मिति २०७४/०४/२७ मा यस अदालतको संयुक्त ईजलासवाट भएको आदेश मनासिव देखिन आएन । तसर्थ उक्त आदेशवाट कायम गरिएको रुलिङ्संग यो ईजलास सहमत हुन सकेन ।

७. अब वादी नेपाल सरकार तथा प्रतिवादीहरु ज्ञानेन्द्र पुरकुटी र संजयकुमार राईको निवेदनका सन्दर्भमा उच्च अदालत विराटनगरवाट मिति २०७४/०६/३० मा भएको आदेश रीत-वेरीत के रहेछ भनी हेर्नु पर्ने हुन आएको छ । सर्व प्रथम प्रतिवादीहरु ज्ञानेन्द्र पुरकुटी, संजय कुमार राई र होमबहादुर भट्टराईका सम्बन्धमा हेर्दा नेपाल बैंक लि. धरान शाखाबाट यी प्रतिवादीहरुको मिलोमतोमा कमसल सुनलाई सक्कली भनी तथा कम तौलको सुन राखी बढी तौलको देखाई बढी मुल्याङ्कन गरी गराई आफुहरुलाई फाइदा र बैंकलाई रु. १५,४४,६२,०००।- हानी नोक्सानी हुने कार्य गरी वैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७(ख), (ज), दफा ९ र दफा २४ विपरितको कसूरमा दफा १५ (२) बमोजिम सजाय हुन माग दावी लिई उच्च अदालत विराटनगरमा अभियोग दायर भएको देखियो । निजहरु उपर तीन वर्ष भन्दा बढी कैदको सजाय हुने कसुरको अभियोग लगाइएको देखिन्छ । वैंङ्कमा ८,६४६ ग्राम सून धितो रहेको हुनु पर्नेमा ६३५ ग्राम सून मात्र धितो रहेको तथ्य खुल्न आएको पाइयो । यसरी ऋण लिने-दिने (ऋण प्रवाह गर्ने) कार्यमा मूल रुपमा प्रतिवादीहरु मध्ये ज्ञानेन्द्र पुरकुटी, संजय कुमार राई र होमबहादुर भट्टराईको मूख्य भूमिका रहेको तथ्य मिसिलवाट खुल्न आएको देखिन्छ । तत्काल प्राप्त प्रमाणवाट वैंङ्क घोटालाको रुपमा देखिएको विवादित ऋण प्रवाह सम्वन्धी कार्यका सन्दर्भमा ऋणीको रुपमा ज्ञानेन्द्र पुरकुटी र संजय कुमार राईको मुख्य भूमिका रहेको देखिएको छ भने वैंङ्कका क्यासियर होम बहादुर भट्टराईको मिलेमतोवाट मात्र उक्त घोटालाको कार्य सम्भव भएको देखिएको छ । नक्कली वा कम तौलको सून धितो लिने, दिने तथा केही अवस्थामा वेरीत र गलत तवरवाट लिखत तयार

गरी बैंङ्कलाई हानी-नोक्सानी हुने गरी ऋण प्रवाह गर्ने कार्य उल्लेखित ३ जना प्रतिवादीहरुवाट भएको कुरा तत्काल प्राप्त प्रमाणवाट देखिन आएको छ ।

८. बैंक तथा वित्तीय संस्थाको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैंक तथा बित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यूनीकरण गरी बैंक तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्ने समेतका उद्देश्यले बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ जारी भएको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरुको मिलोमतोमा कमसल सुनलाई सक्कली भनी तथा कम तौलको सुन राखी बढी तौलको देखाई बढी मुल्याङ्कन गरी प्रतिवादी ज्ञानेन्द्र पुरकुटी र संजयकुमार राईलाई फाइदा र बैंकलाई हानी नोक्सानी हुने कार्य भएको कुरा तत्काल प्राप्त प्रमाणवाट देखिन आएको छ । बैंक कर्मचारीहरुसँगको मिलोमतोमा कम तौलको सुन धितो राखी कर्जा लिएको तथ्य प्रतिवादीहरुले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र सह अभियुक्तहरुको कथन समेतका धितो कारोवार सम्बन्धी कागजातवाट देखिन्छ । प्रतिवादी संजयकुमार राईले प्रतिवादी लिजा थापा मगर र लालबहादुर विश्वकर्माको नामवाट कीर्ते दस्तखत गरी कम तौलको सुन धितो राखी कर्मचारीहरुसँगको मिलोमतोमा कर्जा लिएको तथ्य खुल्न आएको छ । प्रतिवादी होमबहादुर भट्टराई नेपाल बैंक लि. धरान शाखाका खजाञ्जी भई काम गरेको अवधिमा विवादित ऋण प्रवाहको कार्य भएको, निजमा नै सुन तथा चाँदीको धितोमा कर्जा प्रवाह गर्नु भन्दा अगाडी कर्जा खाम्ने बराबरको धितो लिई पेश भएका सुनको परीक्षण समेत गरी ऋणको प्रक्रिया अगाडी बढाउने जिम्मेवारी रहेको देखिन्छ । निजले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा नक्कली सुनलाई सक्कली भनी र कम तौललाई बढी तौल देखाई कर्जा प्रवाह गरेको तथ्य सारतः स्वीकार गरेको पाईयो । अतः प्रतिवादीहरु ज्ञानेन्द्र पुरकुटी, संजयकुमार राई र होमबहादुर भट्टराईको हकमा तत्काल प्राप्त प्रमाणबाट निजहरु कसुरदार हुन भनी विश्वास गर्न सकिने पर्याप्त र मनासिव कारण विधमान रहेको देखियो । निजहरु उपर तीन वर्ष भन्दा बढी कैदको सजाय हुन सक्ने अभियोगमा वादी नेपाल सरकार भई अभियोगपत्र दायर भएको देखिन्छ । यस अवस्थाका प्रतिवादीहरुलाई मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय (२) वमोजिम थुनामा राखी मुद्दामा पूर्पक्ष गर्नु पर्नेमा उच्च अदालत विराटनगरवाट मिति २०७४/०६/३० मा धरौट लिने गरी आदेश भएको देखिदा सो हदसम्म उक्त आदेश वेरीतको देखिएकाले बदर गरिएको छ । पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दा पूर्पक्षकालागि प्रतिवादीहरु ज्ञानेन्द्र

पुरकुटी, संजय कुमार राई र भीमबहादुर भट्टराईलाई मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय २ बमोजिम थुनामा राख्नु होला ।

९. प्रतिवादीहरु संजीत रसाईली, माधव रिसाल, सन्तोष रसाईली, लाल बहादुर बि.क., राम किसोर मेहता, शंकर न्यौपाने, सानुवाबु श्रेष्ठ, पुष्पराज घिमिरे, विद्या तामाङ र लिजा थापा मगर समेत १० जनाको ऋण लिने दिने कार्यमा रहेको संलग्नताको स्तर समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको मूल्यांङ्कन गरी निजहरुवाट धरौटी वा जमानत लिने गरी भएको आदेश मनासिव नै देखियो । प्रस्तुत मुद्दा चल्नु अगाडी नै ऋण कर्जा चुक्ता गरेका प्रतिवादी सुनिल वि.क.लाई अ.बं. ४७ नं. बमोजिम साधारण तारेखमा राख्ने गरी भएको आदेश समेत वेरीतको भन्ने देखिएन । तसर्थ उल्लेखित कूल ११ जना प्रतिवादीहरुको हकमा उच्च अदालत विराटनगरबाट मिति २०७४।६।३० मा भएको आदेश कानून वमोजिम रीत पूर्वक भएको देखिँदा अन्यथा परिवर्तन गरी रहन परेन । निजहरु ११ जनाको हकमा कानून बमोजिम गर्नु होला । यो आदेशको एकप्रति प्रतिलिपी जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयमा समेत पठाई दिनु ।

न्यायाधीश

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७५ साल भाद्र ७ गते रोज ५ शुभम् ...................................।